# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं, भदौ १७ गते २०६६ साल (अतिरिक्ताङ्क २५(क)


## भाग ३

### नेपाल सरकार
### शिक्षा मन्त्रालयको सूचना

### शिक्षा (चौथो संशोधन) नियमावली, २०६६

शिक्षा नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "शिक्षा (चौथो संशोधन) नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षा नियमावली, २०५९ को नियम ५ मा संशोधनः शिक्षा नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को,–

१) उपनियम (१) मा रहेका "प्राथमिक विद्यालय खोल्न शैक्षिक सत्र शुरु हुनुभन्दा तीस दिन अगाव अनुसूची-४ बमोजिमको ढाँचामा अनुमति दिनेछ र निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयको हकमा" भन्ने शब्दहरूको सट्टा "प्राथमिक विद्यालय र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निम्न माध्यामिक विद्यालय खोल्न शैक्षिक सत्र शुरू हुनुभन्दा तीस दिन अगावै अनुसूची-४ बमोजिमको ढाँचामा आफैले अनुमति दिनेछ र माध्यमिक विद्यालयको हकमा" भन्ने शब्दहरू राखिएका छन्।

२) उपनियम (३) मा रहेका "निम्न माध्यमिक विद्यालय वा" भन्ने शब्दहरू झिकिएका छन्।

३. मूल नियमावलीको नियम ६ मा संशोधन: मूल नियमावलीको नियम ६ को खण्ड (ज) मा रहेका "नेपाल अधिराज्यको" भन्ने शब्दहरूको सट्टा "नेपालको" भन्ने शब्द राखिएको छ।

४. मूल नियमावलीको नियम ७ मा संशोधन: मूल नियमवलीको नियम ७ को उपदफा(३)मा रहेका "प्राथमिक विद्यालयको हकमा अनुसूची-७ बमोजिमको ढाँचामा आफैले स्वीकृति दिनेछ र निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयको हकमा" भन्ने शब्दरूको सट्टा "प्राथमिक विद्यालय र निम्न माध्यमिक विद्यालयको हकमा अनुसूची-७ बमोजिमको ढाँचामा आफैले स्वीकृति दिनेछ र माध्यमिक विद्यालयको हकमा" भन्ने शब्दहरू राखिएका छन्।

५. मूल नियमावलीको नियम १० मा संशोधन. मूल नियमावलीको नियम १० को,–

१) उपनियम (१) को खण्ड (ख) मा रहेका "पचहत्तर हजार रुपैयाँ" भन्ने शब्दहरू झिकिएका छन्।

२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ:-

"(१क) उपनियम (१) को प्रयोजनको लागि ऐनको दफा ३ को उपदफा (७घ) मा उल्लिखित उद्देश्यले सञ्चालित विद्यालय समेत सामुदायिक विद्यालय मानिनेछ।

६. मूल नियमावलीको नियम १३ मा संशोधन: मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छ:-

"१३. विद्यालयको कक्षा थप सम्बन्धी व्यवस्था: (१) कुनै विद्यालयको कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा दुई महिना अगावै जिल्ला शिक्षा अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा जिल्ला शिक्षा अधिकारीले थप हुने कक्षाको लागि नियम ४ बमोजिमको पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र जाँच-बुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा शैक्षिक सत्र शुरू हुनु अगावै प्रत्येक वर्ष एक कक्षाका दरले कक्षा थप गर्न अनुमति दिनु पर्नेछ ।"

७. मूल नियमावलीको नियम ५३ मा संशोधनः मूल नियमावलीको नियम ५३ को उपनियम (१) को खण्ड (ग) झिकिएको छ ।

८. मूल नियमावलीको नियम ६१ मा संशोधनः मूल नियमावलीको नियम ६१ को उपनियम (१) को खण्ड (ख) झिकिएको छ ।

९. मूल नियमावलीको नियम ८७ मा संशोधनः मूल नियमावलीको नियम ८७ को सट्टा देहायको नियम ८७ राखिको छः–

"८७. विद्यालयको तह विभाजनः (१) विद्यालयलाई देहाय बमोजिमका तहमा विभाजन गरिएको छः–

क) कक्षा एकदेखि पाँचसम्म– प्राथमिक तह

ख) कक्षा छ देखि आठसम्म– निम्न माध्यमिक तह र

ग) कक्षा नौदेखि दशसम्म– माध्यमिक तह

(२) उपनियम (१) को खण्ड (क) र (ख) बमोजिमको प्राथमिक तह र निम्न माध्यमिक तहलाई आधारभूत तह मानिने छ ।"

१०. मूल नियमावलीको नियम १४६ मा संशोधनः मूल नियमावलीको नियम १४६ को,–

१) उपनियम (१) को खण्ड (ख) पछि देहाएको खण्ड (ख१) थपिएको छः–

"(ख१) विद्यालयमा पहिलो पटक भर्ना हुँदा एक पटकको लागि भर्ना हुने कक्षाको मासिक पढाई शुल्कमा नबढ्ने गरी भर्ना शुल्क"

२) उपदफा (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः–

"(२) उपनियम (१) को खण्ड (क), (ख), (ख१) र (ग) मा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय-को प्राथमिक र निम्न माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थी र सामुदायिक विद्यालयको माध्यमिक तहमा अध्ययन गर्ने नियम १५२ बमोजिमका विद्यार्थीसँग त्यस्तो शुल्क लिन पाइने छैन।"

११. रूपान्तरण: मूल नियमावलीको ठाउँ-ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रूपान्तरण गरिएको छः–

क) "शिक्षा तथा खेलकुद मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा मन्त्रालय",

ख) "शिक्षा तथा खेलकुद मन्त्री" भन्ने शब्दहरूको सट्टा "शिक्षा मन्त्री"।

आज्ञाले,
दीपेन्द्र विक्रम थापा
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
मा. हु. अ. नं. १६।०६२।६३

४४४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।